# नेपाल सरकार
# राष्ट्रिय परीक्षा बोर्ड
# सानोठिमी, भक्तपुरको
## परीक्षाफल प्रकाशन सम्बन्धी विज्ञप्ती

**राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरद्वारा २०८२ साल जेठ ४ गतेदेखि ऐ. १२ गतेसम्म सञ्चालन भएको कक्षा १२ को पूराना आंशिक/गेडवृद्धि परीक्षार्थीहरूको परीक्षाफल राष्ट्रिय परीक्षा बोर्डको मिति २०८२/०६/११ गतेको निर्णयानुसार प्रकाशित गरिएको छ। परीक्षाफलको विवरण निम्नानुसार रहेको छ।**

| विवरण | पूराना आंशिक तर्फ | ग्रेडवृद्धि तर्फ | कूल जम्मा | कैफियत |
|---|---|---|---|---|
| परीक्षामा सहभागी भएको परीक्षार्थी संख्या | २१,०४३ | ७,६६४ | २८,७०७ | |
| परीक्षा रद्द गरिएको परीक्षार्थी संख्या | २ | X | २ | |
| सबै विषयमा उत्तीर्ण/ग्रेड प्राप्त परीक्षार्थी संख्या | १३,२७१ | ५,६८६ | १८,९५७ | |
| उत्तीर्ण /ग्रेड प्राप्त प्रतिशत | ६३.०७% | ७४.१९% | ६६.०४% | |

**निम्न क्रमाङ्क भएका परीक्षार्थीहरूको चालु खण्डको सम्पूर्ण विषयको परीक्षफल रद्द गरिएको छ :**

71303394 77119906

**परीक्षाफल सम्बन्धी जानकारी तपसिल बमोजिमको** Website, SMS Service र IVR Service **बाट प्राप्त गर्न सकिनेछ :**

**Website :**

१. **राष्ट्रिय परीक्षा बोर्डको** website: result.neb.gov.np **वा** neb.gov.np

२. **नेपाल टेलिकमको** website : https://neb.ntc.net.np

**SMS सेवा :**

१. NEB <space> Symbol No. **टाईप गरी नेपाल टेलिकमको १६०० मा** SMS **गर्ने।**

**IVR सेवा :**

१. **नेपाल टेलिकमको १६०१ नम्बरमा डायल गरी प्राप्त निर्देशानुसार नतिजा प्राप्त गर्न सकिने।**

**USSD सेवा :**

१. ***१६०१# नम्बरमा डायल गरी प्राप्त निर्देशानुसार नतिजा प्राप्त गर्न सकिने।**

**पुनश्चः-**

१. **प्रमाणपत्र उपलब्ध गराउने सम्बन्धी व्यवस्थाः**

क. अक्षराङ्कन पद्धतिबाट कक्षा १२ को परीक्षामा ग्रेडवृद्धि परीक्षार्थीको रुपमा सहभागी भई प्रत्येक विषयको सैद्धान्तिक परीक्षामा कम्तिमा D+ एवं प्रयोगात्मक (आन्तरिक मूल्याङ्कन) परीक्षामा कम्तिमा C ग्रेड प्राप्त गर्ने परीक्षार्थीहरू तथा पूराना आंशिक परीक्षार्थीको रूपमा सहभागी भई प्रत्येक विषयमा उत्तीर्ण हुने परीक्षार्थीहरूले नतिजा प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन पश्चात् मात्र ट्रान्सक्रिप्ट, माईग्रेसन र प्रोभिजनल (TMP) प्रमाणपत्रका लागि रसिद काट्न सक्नेछन्।

२. कक्षा १२ को परीक्षाफल प्रकाशन पश्चात् आफूले प्राप्त गरेको कुनै विषयको ग्रेडमा चित्त नबुझी पुनर्योग गर्न चाहने परीक्षार्थीहरूले प्रति विषय रु. १,०००।- (एक हजार मात्र) का दरले Online मार्फत दस्तुर बुझाउने गरी **१० (दश)** दिन (**२०८२ असोज १९ गते १०:०० बजेदेखि ऐ २८ गते साँझ ५:०० बजेसम्म**) भित्र (***राष्ट्रिय परीक्षा बोर्डका*** website : neb.gov.np को Online payment (Retotaling) ***मार्फत*** आवेदन दिनुपर्नेछ।

३. कक्षा १२ को परीक्षाफल प्रकाशनका क्रममा कुनै त्रुटि (स्थगित वा अनुपस्थित, विषय फरक पर्ने, नाम थर, रजिष्ट्रेशन नम्बर फरक पर्ने आदि) देखिएमा बोर्डका सम्बन्धित कार्यालयहरू वा **राष्ट्रिय परीक्षा बोर्ड, सानोठिमी, भक्तपुरमा नतिजा प्रकाशन भएको मितिले ६ महिनाभित्र** आवश्यक कागजात सहित निवेदन पेश गर्न अनुरोध गरिन्छ। म्याद नाघी आएका र रित नपुगेका निवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ।

४. नतिजामा प्राविधिक कारणले कुनै त्रुटि भएमा परीक्षा नियन्त्रण कार्यालयको मूल अभिलेखबाट सच्याइने छ।

- परीक्षा नियन्त्रक

मिति : २०८२/०६/११